धरान उपमहानगरपालिकाको

# बजेट वक्तव्य

## आर्थिक वर्ष २०७९/०८०

धरान उपमहानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

धरान, सुनसरी

प्रदेश नं. १

# धरान उपमहानागरपालिकाको
# आर्थिक वर्ष  २०७९/०८० को बजेट वक्तव्य

**सभाध्यक्षज्यू,**

आदरणीय नगर सभा सदस्यज्यूहरु

१. सङ्घीय लोकतान्त्रीक गणतन्त्र नेपालको राज्य पुनर्संरचना पश्चात दोश्रो कार्यकालको लागि मिति २०७९ वैशाख ३० गते सम्पन्न भएको स्थानीय तहको निर्वाचन २०७९ बाट निर्वाचित भए पश्चात हामीले कार्यारम्भ गरेका छौं।यस अवसरमा हाम्रो कार्यकालको पहिलो बजेटको रुपमा धरान उपमहानगरपालिकाको आर्थिक वर्ष २०७९/०८० को वार्षिक बजेट तथा कार्यक्रम नगर कार्यपालिकाको निर्णय अनुसार ११ औं नगर सभामा प्रस्तुत गर्न पाउँदा गौरवान्वित महशुश गरेको छु ।

२. यो अवसरमा नेपालको अग्रगामी राजनीतिक परिवर्तनका लागि आफ्नो जीवन उत्सर्ग गर्नु हुने विभिन्न कालखण्डमा भएका जनआन्दोलन, गणतान्त्रिक आन्दोलन एवं जनयुद्धका महान शहिदहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु।

३. हालै सम्पन्न निर्वाचनको माध्यमबाट हामीले धरान उपमहानगरपालिकाको नेतृत्व लिइरहँदा नगरवासीहरुको विकासप्रतिको असीमित आकांक्षाहरु छन्।सिमित स्रोतसाधनको अत्त्युत्तम रुपमा परिचालन गर्दै नगरवासीलाई प्राथमिकताको आधारमा उपमहानगरपालिकाबाट प्राप्त  सेवासुविधाको प्रभावकारीता प्रदर्शन गरी परिवर्तनको अनुभूती गराउने प्रयास गरेका छौं।

४. चालु आ.व.को बजेट तयार गर्दा नेपालको संविधान, अन्य प्रचलित संघीय तथा प्रदेश कानून, नेपाल सरकारको १५ औं योजना, दीर्घकालीन विकास लक्ष्य, दिगो विकास लक्ष्य, नेपाल सरकार तथा प्रदेश सरकारका नीति तथा कार्यक्रम, यस उपमहानगरपालिकाको दीर्घकालिन विकास लक्ष्य, विगत वर्षहरुका नीति तथा कार्यक्रमहरुलाई मार्गदर्शनको रुपमा लिंदै आम नगरवासीको चाहना, अभिमत र अपेक्षालाई केन्द्रविन्दुमा राखी स्रोतको उपलब्धताको आधारमा द्रुततर विकास प्रतिफल हाँसिल गर्दै सामाजिक न्यायको प्रबर्द्धन गर्ने गरी बजेट विनियोजन प्रस्ताव गरिएको छ।

**सभाध्यक्ष महोदय,**

अब म चालू आ.व.२०७८/०७९ को संक्षिप्त समिक्षा प्रस्तुत गर्न अनुमती चाहन्छु।

<u>आयतर्फ :</u>

५.  आर्थिक वर्ष २०७८/०७९ मा आन्तरिक स्रोतबाट रु. ७० करोड २ लाख ११ हजार ६ सय २५, संघीय सरकार समानीकरण अनुदानबाट रु. ३३ करोड ९२ लाख, सशर्त अनुदानबाट रु. ४९ करोड १० लाख ९८ हजार, विशेष अनुदानबाट रु. २ करोड ९९ लाख, समपुरक अनुदानबाट

रु. ३ करोड ४६ लाख सहित जम्मा रु. ८९ करोड ४७ लाख ९८ हजार, प्रदेश सरकारबाट समानिकरण अनुदानबाट रु. २ करोड १ लाख ४७ हजार, शसर्त अनुदानबाट रु. ३ करोड ८९ लाख ५५ हजार २ सय ५०, समपुरक अनुदानबाट रु. १ करोड, संघीय राजस्व बाँडफाँटबाट रु. ३४ करोड ५५ लाख ८१ हजार ७ सय ५० र प्रदेश राजस्व बाँडफाँटबाट १८ करोड १ लाख ९५ हजार ७ सय ५० गरी कूल २ अर्ब ३ करोड ६४ लाख अनुमान गरिएको थियो ।

**६.** आर्थिक वर्ष २०७८/०७९ को जेष्ठ मसान्तसम्म आन्तरिक स्रोत तर्फ ३७ करोड ५४ लाख ७५ हजार २ सय २१, (४८.५२%), संघीय सरकार अनुदान रु. ८५ करोड ९८ लाख ४८ हजार ५ सय (९९.१०%), प्रदेश सरकार अनुदान रु. ४ करोड ४६ लाख ७५ हजार ४ सय ८४ (१०४.२६%) र संघीय राजस्व राजस्व बाँडफाँड बाट १७ करोड २० लाख ३२ हजार ३ सय ७१ (१००.९७%) र प्रदेश राजस्व बाँडफाँटबाट रु.११ करोड ५७ लाख ६४ हजार ९४ (६६.०८%) गरी कूल रकम रु. १ अर्ब ५६ करोड ७७ लाख ९५ हजार ६ सय ७० (७६.९९%) प्राप्त भएको छ।

<u>**व्यय तर्फः**</u>

**७.** चालु आर्थिक वर्षमा व्यय तर्फ रु. २ अर्ब ३ करोड ६४ लाख कूल अनुमान गरिएकोमा यथार्थ खर्च रु. १ अर्ब ८ करोड ८९ लाख ३३ हजार ६ सय ६६ भई लक्ष्यको ५२.९०% वित्तिय प्रगति भएको छ। चालुतर्फ रु. ६३ करोड १७ लाख ३३ हजार २ सय ३७ (६२.९०%), पूँजीगततर्फ रु. ४४ करोड १९ लाख ३४ हजार ८ सय ७५ (४३.२०%) र वित्तीय व्यवस्थातर्फ रु. १ करोड ५२ लाख ६५ हजार ५ सय ५४ (४९.२४%) वित्तीय प्रगति भएको जानकारी गराउन चाहन्छु।

<u>**बजेटका उद्देश्य :**</u>

**८.** धरान उपमहानगरको आर्थिक समृद्धि र नगरवासीको समुन्नती एवम् सुखको लागि दीगो र उच्च प्रतिफल दिने आयोजनाहरु पहिचान गरी नागरीक एवम् सरोकारवालाहरुको सहभागिता सुनिश्चित गर्दै प्रभावकारी कार्यान्वयन मार्फत आधुनीक शिक्षा, स्वास्थ्य र पूर्वाधार सुविधा सम्पन्न बहुसाँस्कृतिक सहरको पहिचान कायम गर्ने बजेटको मूल उद्देश्य रहेको छ। बजेटका क्षेत्रगत उद्देश्यहरु निम्न अनुसार उल्लेख गरेको छु।

**क्षेत्रगत उद्देश्यः**

**क) खानेपानी र सरसफाई :**

स्वच्छ र सफा सहरको निर्माण र खानेपानी समस्याको तात्कालिन व्यवस्थापन गर्ने र दीर्घकालिनका समाधानका आधारहरु स्थापना गर्ने।

ख) **आर्थिक विकास :**

आधुनिक प्रविधिमा आधारीत कृषि तथा व्यवसायीक पशु पालनमा विस्तार र कृषि तथा वनजन्य उद्योगहरुको स्थापना गर्दै व्यवसायीकरण र जिविको पार्जनमा सुधार ल्याउने ।

ग) **सामाजिक विकास :**

अपाङ्ग, दलित, जेष्ठ नागरिक, महिला तथा बालबालिका, भुमीहिन तथा सुकुम्वासीहरुको सामाजिक संरक्षण र सुरक्षा प्रबर्द्धन गर्ने।

घ) **पूर्वाधार विकास :**

दिगो, वातावरण मैत्री, गुणस्तरीय र मौलिक साँस्कृतिक पहिचान सहितका सहरी पूर्वाधार निर्माण ।

ङ) **वन, वातावरण तथा विपद् ब्यबस्थापन :**

विपद उत्थानशील कार्यक्रमहरु सञ्चालन गर्ने, पार्क तथा सडकहरुको हरियाली सौन्दर्यकरण र राष्ट्रिय तथा सामुदायिक वनको संरक्षण गर्ने, सिमसार तथा जलाधार क्षेत्रको संरक्षण गर्ने।

च) **सुशासन तथा संस्थागत विकास :**

विकेन्द्रित एवम् विद्युतीय शासन प्रणाली मार्फत नगरवासीलाई प्रभावकारी सेवा प्रवाह , कर्मचारी तथा जनप्रतिनिधिहरुको क्षमता विकास गर्ने।

**९. बजेटका प्राथमिकताहरु**

आगामी आर्थिक वर्ष २०७९/०८० को बजेटका प्राथमिकताहरु निम्नानुसार रहेका छन्।

१. खानेपानी

२. पूर्वाधार विकास

३. पर्यटन

४. कृषि

५. शिक्षा, स्वास्थ्य तथा सामाजिक विकास

६. विपद व्यवस्थापन

**क्षेत्रगत विनियोजन**

**सभाध्यक्ष महोदय,**

अब म आगामी आ.व. २०७९।०८० को ब्ययको क्षेत्रगत अनुमान प्रस्तुत गर्न चाहन्छु ।

**१०. वडागत बजेटतर्फः**

उपमहानगरका २० वटै वडाहरुको लागि प्रशासनिक तर्फ २ करोड ५० लाख र कार्यक्रम तथा पूँजिगत तर्फ रु. २९ करोड गरी कूल जम्मा रु. ३१ करोड ५० लाख विनियोजन गरेको छु ।

## ११. शहरी योजना तथा भौतिक पुर्वाधार बिकास तर्फः

सहरी योजना तथा भौतिक पूर्वाधार विकासको लागि संघीय सरकार अनुदान रु. २ करोड ७० लाख, प्रदेश सरकार अनुदान तर्फ रु. १ करोड र आन्तरिक स्रोत तर्फ रु. ३५ करोड ४० लाख गरी कूल रु. ३९ करोड १० लाख विनियोजन गरेको छु।

## १२. शिक्षा युवा तथा खेलकुद तर्फः

शिक्षा युवा तथा खेलकुद तर्फ संघीय सरकार अनुदान रु. ३८ करोड ४७ लाख र आन्तरिक स्रोत तर्फ रु. २ करोड ५० लाख गरी जम्मा रु. ४० करोड ९७ लाख विनियोजन गरेको छु।

**१३. स्वास्थ्यतर्फः**

स्वास्थ्यतर्फ घोषित विभिन्न नीति तथा कार्यक्रमलाई सम्बोधन गर्न संघीय सरकार अनुदान रु. ३ करोड ६२ लाख र नगरपालिका स्रोत तर्फ रु. ४० लाख गरि कुल जम्मा रु. ४ करोड २ लाख बजेट विनियोजन गरेको छु।

**१४. सामाजिक विकासतर्फः**

सामाजिक समावेशीकरण, सकरात्मक विभेद तथा लक्षित कार्यक्रमहरु संचालन गर्न संघीय सरकार अनुदान रु. ४५ लाख, प्रदेश सरकार अनुदान रु. ४९ लाख २३ हजार र आन्तरिक स्रोत रु. ४ करोड ८८ लाख गरी कुल जम्मा रु. ५ करोड ८२ लाख २३ हजार बजेट विनियोजन गरेको छु।

**१५. आर्थिक विकासतर्फः**

अर्थतन्त्रको मेरुदण्डको रुपमा रहेको कृषि, पशु, सहकारी र उद्योग सम्बन्धी विभिन्न कार्यक्रम संचालन गर्न संघीय सरकार अनुदान रु. २ करोड २२ लाख र आन्तरिक स्रोत रु. ५० लाख गरी कुल जम्मा रु. २ करोड ७२ लाख बजेट विनियोजन गरेको छु।

**१६. वन, वातावरण, उर्जा तथा विपद ब्यबस्थापन तर्फः**

वातावरण, उर्जा, जलबायु अनुकुलनका कार्यहरु, बिपद ब्यबस्थापनको पूर्व तयारी लगायतका कामको लागि संघीय सरकार अनुदान रु. ८ लाख र आन्तरिक स्रोत रु. १ करोड ६० लाख गरी कुल जम्मा रु. १ करोड ६८ लाख बजेट विनियोजन गरेको छु।

**१७. पर्यटन तर्फः**

धार्मिक, सांस्कृतिक तथा बहुजातिय बिबिधता युक्त धरानलाई पर्यटकीय गन्तब्य स्थलको रुपमा विकास गर्न छनौट भएका कार्यहरुका लागि संघीय सरकार अनुदान रु. १० लाख र आन्तरिक स्रोत रु. २० लाख गरी कुल जम्मा रु. ३० लाख बजेट विनियोजन गरेको छु।

**१८. सुचना तथा संचार तर्फः**

लोकतन्त्रको संवाहकको रुपमा रहेको सुचना तथा संचार क्षेत्रको विकासका लागि आन्तरिक स्रोतबाट जम्मा रु. २५ लाख बजेट विनियोजन गरेको छु।

**१९. साहित्य कला र संस्कृतितर्फः**

साहित्य कला र संस्कृति तर्फको कार्यक्रमहरु गर्न संघीय सरकार अनुदान रु. ३० लाख र आन्तरिक स्रोत रु. १५ लाख गरी कुल जम्मा रु. ४५ लाख बजेट विनियोजन गरेको छु।

**२०. अव्यबस्थित बसोबास तथा सुकुम्वासी ब्यबस्थापन तर्फः**

अव्यबस्थित बसोबास तथा सुकुम्वासी ब्यबस्थापनको लागि आन्तरिक स्रोतबाट रु. २५ लाख बजेट विनियोजन गरेको छु।

**२१. मजदुर कल्याण कार्यक्रम तर्फः**

विकास निर्माणको प्रमुख स्रोतको रुपमा रहेको श्रमशक्तिको हकहित तथा कल्याणका कार्यक्रमहरु संचालन गर्न  आन्तरिक स्रोतबाट रु. ५ लाख बजेट विनियोजन गरेको छु।

**२२. कानून तथा न्याय सम्पादन तर्फः**

कानून तथा न्याय सम्पादन तर्फ आन्तरिक स्रोतबाट रु. १० लाख बजेट विनियोजन गरेको छु।

**२३. सार्वजनिक जग्गा र जलाधार संरक्षणतर्फः**

नगर क्षेत्रभित्र रहेका बिभिन्न सार्वजनिक जग्गा र जलाधार संरक्षण र उपयोग सम्बन्धी कार्यक्रम संचालन गर्न आन्तरिक स्रोतबाट रु. २० लाख बजेट विनियोजन गरेको छु।

**२४. राजस्व सुधार तथा संस्थागत क्षमता विकास तर्फः**

राजस्व सुधार तथा संस्थागत क्षमता विकास अन्तर्गत नगरको आन्तरिक स्रोत परिचालन गरी क्रमशः आत्म निर्भर हुदै जाने नीति अनुरुप राजस्व सुधार कार्यक्रमको लागि आन्तरिक स्रोतबाट रु. २५ लाख विनियोजन गरेको छु।

**२५. आवधिक योजना तथा नगर प्रोफाइल र घर, व्यवसाय र बहालको सूचना जि आइ एस अपडेट तर्फः**

आवधिक योजना तथा नगर प्रोफाइल र जि एम आइ एस का लागि आन्तरिक स्रोतबाट रु. ४० लाख बजेट विनियोजन गरेको छु।

**२६. प्रमुख कोष, उपप्रमुख कोष, आकस्मिक कोष तथा मर्मत कोष तर्फः**

यस अन्तरगत प्रमुख कोष तर्फ रु. १ करोड २० लाख, उपप्रमुख कोष तर्फ रु. ८० लाख, पूर्वाधार साझेदारी कार्यक्रमको लागि रु.७५ लाख, विपद व्यवस्थापन कोष रु. ५० लाख, आकस्मिक कोषमा रु. ५ लाख, कार्यालय सञ्चालन तथा प्रसासनिक लगायतका अन्य खर्च तर्फ रु. ४० करोड समेत गरी जम्मा रु. ४३ करोड ९० लाख विनियोजन गरेको छु।

**सभाध्यक्ष महोदय,**
**सभासद् मित्रहरु**

अब म माथिका क्षेत्रगत नीति तथा कार्यक्रमहरु कार्यान्वयनको लागि विनियोजित बजेटको लागि स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्न अनुमति चाहन्छु। आगामी आर्थिक वर्षका लागि सम्पूर्ण कार्यक्रमहरुको कार्यान्वयन गर्न १ अर्ब ६८ करोड ५८ लाख २३ हजार विनियोजन गरेको छु। कूल विनियोजन मध्ये चालु तर्फ रु. ८३ करोड ३७ लाख ७२ हजार ४ सय ४२ (४९.४६%), पूँजिगत तर्फ रु. ८१ करोड ९५ लाख ५० हजार ५ सय ५८ (४८.६१%) र वित्तीय व्यवस्था तर्फ रु. ३ करोड २५ लाख (१.९३%) विनियोजन गरेको छु ।

**२७.** आगामी आर्थिक वर्षको लागि खर्च व्यहोर्ने स्रोत मध्ये आन्तरिक राजस्वका स्रोतबाट रु. २५ करोड, अन्य संस्थागत आन्तरीक अनुदान रु. ५ करोड २० लाख, संघीय सरकार अनुदानबाट रु. ८३ करोड ४ लाख, प्रदेश सरकार अनुदान रु. ३ करोड ५० लाख ७० हजार, सङ्घीय राजस्व वाँडफाँटबाट रु. २० करोड ५३ लाख ४५ हजार, प्रदेश राजस्व बाँडफाँटबाट रु. २० करोड र अपुग हुने रु. ११ करोड ३० लाख ८ हजार नगद मौज्दात परिवर्तनबाट व्यवस्थापन हुने अनुमान गरेको छु।

**२८.** अन्तमा आ. व. २०७९/०८० को बजेट तथा कार्यक्रम तर्जुमा कार्यमा संलग्न राजस्व परामर्श समिति, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, विभिन्न विषयगत समितिहरु, सबै वडा समितिहरु, बजेट तथा कार्यक्रमका लागि अमूल्य राय सुझाव उपलब्ध गराउने राजनीतिक दल, प्राज्ञीक वर्ग, पत्रकार, नगरका गन्यमान्य व्यक्तित्वहरु, वडाध्यक्ष तथा नगर कार्यपालिकाका सदस्यहरु, नगर सभाका सदस्यहरुमा आभार व्यक्त गर्दछु। सम्पूर्ण कर्मचारी र सरोकारवालामा धन्यवाद ज्ञापन गर्दछु। साथै यो कार्यक्रम तथा बजेटको सफल र प्रभावकारी कार्यान्वयनमा समेत सबैको साथ सहयोगको सदा झैं अपेक्षा गर्दछु। सबैमा हार्दिक धन्यवाद। जय धरान।

अइन्द्रबिक्रम बेघा
उपप्रमुख एवम् संयोजक
बजेट तर्जुमा समिति
२०७९ आषाढ १०